

# शैलीको कुरी कुरी

शैली थिएटरले *कुरी कुरी अभियान*अन्तर्गत *बालश्रमलाई नाईं भनौं गुणस्तरीय शिक्षालाई स्वीकार गरौं* भन्दै अन्तर्राष्ट्रिय बालश्रमविरुद्धको दिवस मनाउन काठमाडौं र कीर्तिपुरका विद्यालयमा कचहरी नाटक मञ्चन गरेको छ। भूकम्पपछि बालबालिकामा हुने अपराधलाई विषयवस्तु बनाई शैलीले नाटक मञ्चनसँगै दर्शकलाई छलफल र अभिनयमा प्रस्तुत गरेको थियो।

भूकम्पका कारण विद्यालय र घर भत्किन्छ। बलराम र शारदा स्कुल नगएको अवस्थामा गाउँलेले उनीहरूका बाआमालाई विभिन्न लोभ र सपना देखाई शहर पढ्न लग्छन्। बलरामलाई एउटा चिया पसलमा काम गर्न राखी, उनीहरू पैसा लिएर जान्छन्। बलरामले भने निकै दुःख पाउँछ। पसले साहुजी निकै निर्दयी भएका कारण उसले नसोचेको दुःख भोग्नुपर्ने हुन्छ। आफ्नो छोरीलाई स्कुल पठाए पनि बलरामलाई काममा लगाउँछ। समाजसेवीहरूको आग्रहलाई वास्ता नगरी बलरामलाई दुःख दिन्छ। एक दिन बलराम घर जान खोज्दा पसलेले उसलाई पिट्न खोज्छ, टक यहीनिर रोकिन्छ।

नाटक रोकिएसँगै सूत्रधारले दर्शकबाट समस्याको समाधान खोज्दै नाटक सञ्चालन गर्छ। दर्शकले बलराम पात्रलाई प्रहरी, छिमेकी, समाजसेवी, बाबुआमाबाट सहयोग लिन सुझाव दिन्छन्। शैली थिएटरको *कुरी कुरी अभियान*अन्तर्गतको कचहरी नाटकमा टेलिभिजन कलाकारहरू तारा केसी, कमल बोहोराका साथमा नाटक कलाकार वासुदेव खनाल, शासक बोहोरा, सपना सञ्जीवनी, सौरव ढकाल, सहिन प्रजापती, कुसुम काफ्ले, मेघा श्रेष्ठले अभिनय गरेका थिए।

'भूकम्पले सबैलाई आफैंमा केन्द्रित गराएको अवस्थामा अझ धेरै अपराध हुन्छन्। हामी सचेत भएका छौं र बाबुनानी, अभिभावकलाई सम्झाएका छौं।' -नाटक हेरिसकेपछि सहारा स्कुल काठमाडौंका प्रिन्सिपल पद्म सापकोटाल भने। 'चेतनामूलक यो अभियान काठमाडौंभन्दा पनि गोरखा, दोल्खा, सिन्धुपल्चोकजस्ता भूकम्पले प्रभाव पारेको क्षेत्रमा पुऱ्याउनुपर्छ।' -कीर्तिपुर चोभारमा नाटक हेरेपछि सोनाम लामाले भने।

शैली थिएटरका अध्यक्ष बराज बुढाथोकीका अनुसार यो अभियान ललितपुर र भक्तपुरमा पनि जारी छ। 'सहयोगी हातहरू आए हामी अरू जिल्लामा पनि जानेछौं।' -बुढाथोकीले भने।











# Creating Digital and Global Citizens

## Turning Potential into Excellence !

## Volunteering for Social Welfare and Human Dignity

## 2015 May HIGHLIGHTS



- Participation of BSW students in training program Art with Heart organized by Global Peace Foundation
- Participation of BSW students in a discussion program on Further Crisis Management organized by National Psychologicalists' Association
- BSW students of Dibyabhumi Multiple College provided volunteer service for earthquake victims in Sankhu, Kathmandu under SOS coordinated programme Child Care Space for Earthquake Victims
- Dibyabhumians participated in drama program organized by Shailee Theatre.